नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७९।०१।११**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०१।११ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, बाफल स्थायी बसोबास गर्ने श्री शुभलक्ष्मी इन्टरनेशनल (स्था.ले.नं.३०२८८०१०६) को प्रोपराइटर तथा गणपति ट्रेड लिंक(स्थायी लेखा नम्बर ३००८००४५०), एच बि ट्रेड एण्ड सप्लायर्स (स्थायी लेखा नम्बर ६०८०६८८६६) र एम. के. इन्टरनेशनल (स्थायी लेखा नम्बर ६०५१४६१४१) समेतको मुख्य कारोबारी **मनिष कुमार अग्रवाल**।
- जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, बाफल स्थायी बसोबास गर्ने **एच बि ट्रेड एण्ड सप्लायर्स** (स्थायी लेखा नम्बर ६०८०६८८६६) को साझेदार तथा गणपति ट्रेड लिंक(स्थायी लेखा नम्बर ३००८००४५०)को खाता संचालक र एम के इन्टरनेशनल (स्थायी लेखा नम्बर ६०५१४६१४१) को कारोबारमा संलग्न **हितेष कुमार अग्रवाल** ।
- जिल्ला काठमाडौं, साबिकको सितापाइला गा.वि.स. वडा नम्बर-१ (हाल नागार्जुन नगरपालिका वडा नं. ३, सितापाइला) स्थायी बसोबास भई जिल्ला काठमाडौं का.म.न.पा. १३ बाफल चंखुमार्ग बसोबास गर्ने **एम. के. इन्टरनेशनल** (स्थायी लेखा नम्बर ६०५१४६१४१)को प्रोपराइटर **प्रमित महर्जन** ।
- जिल्ला रौतहट, गौर -१ (हाल गौर नगरपालिका वडा नम्बर १) जन्म ठेगाना भइ जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, बाफल बसोबास गर्ने **एच बि ट्रेड एण्ड सप्लायर्स** (स्थायी लेखा नम्बर ६०८०६८८६६) को साझेदार **बिमल अग्रवाल** ।
- जिल्ला रौतहट, गौर -१ जन्म ठेगाना भइ जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १३, बाफल बसोबास गर्ने बर्ष ५० को **गणपति ट्रेड लिंक** (स्थायी लेखा नम्बर ३००८००४५०) को प्रोपराइटर **दिपेन्द्र कुमार अग्रवाल** ।

२. **कसुरको संक्षिप्त विवरणः** श्री शुभलक्ष्मी इन्टरनेशनल समेतका फर्महरुले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विजक खरिद गरी बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), (च) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. ५,४४,९३,३५३।- र आयकर तर्फ रु. १२,६०,७५,२९०।-** समेत जम्मा हुन आउने कुल विगो **रु. १८,०५,६८,६४३।- (अठार करोड पाँच लाख अठसठ्ठि हजार छ सय त्रिचालिस रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२(पहिलो संशोधन सहित) को दफा २३(१) बमोजिम प्रतिवादीहरुबाट विगो **रु. १८,०५,६८,६४३।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. १८,०५,६८,६४३।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम कैद सजाय हुन मागदावी गरी अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • मनिष कुमार अग्रवाल<br>• हितेष कुमार अग्रवाल<br>• प्रमित महर्जन<br>• बिमल अग्रवाल<br>• दिपेन्द्र कुमार अग्रवाल | १८,०५,६८,६४३।- | १८,०५,६८,६४३।- | ३६,११,३७,२८६।- |

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग